राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

www.thepublictoday.com

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष ११ | अंक २५५ | २०८१ जेठ २३ गते बुधवार | (Wednesday, 5 June, 2024) | पृष्ठ ४ | मुल्य रु. ५

कमला नदी

## जोखिम मोलेर बाँसकै पुलमा वारपार



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, जेठ २२ गते ।**

सिरहाको कमला नदीमा १४ वर्षसम्म पुल निर्माण नभएपछि स्थानीय बासिन्दा जोखिम मोलेर वारपार गरिरहेका छन् । आइतबारे व्रत बसेका स्थानीय बासिन्दा गत वैशाख ३० मा कमला नदीमा स्नान गर्न जाँदै थिए । उनीहरू ओहोरदोहोर गर्दागर्दै एउटा पुल भासियो । झन्डै ४० जना व्रतालु नदीमा डुबे ।

उनीहरूको उद्धार गर्न स्थानीय १०-१२ जना युवा गए । उनीहरू पनि भासिएको पुलमै केही बेर अल्झिए । बल्लतल्ल सबै मिलेर पानीमा डुबेका व्रतालुलाई बाहिर निकाले ।

यो कुनै नौलो घटना थिएन । हरेक वर्षजसो पुल भासिने गर्दा वारपार गर्न कठिनाइ भोग्नुपर्ने यहाँका बासिन्दाको नियति नै बनेको छ । गत वर्ष पनि यसैगरी पुल भासिएको थियो । र स्थानीय युवा तथा सुरक्षाकर्मीले उद्धार गरेका थिए । हरेक वर्ष सिरहा र धनुषाका बासिन्दाले यस्तै जोखिम मोल्नुपरिरहेको छ । स्थानीय युवाले बनाएको बाँस र प्लाईको पुलले बढी भार थेग्न सक्दैन । अझ वर्षातमा त पुलमा ओहोरदोहोर गर्नै सकस हुने गरेको छ । बाढी पुलमाथि पुग्छ । जोखिम मोलेर वारपार गर्ने कतिपय स्थानीय बासिन्दा नदीमा डुब्ने गरेका छन् ।

पक्की पुल नभएकैले यहाँका स्थानीय युवाले कामचलाउ पुल बनाएका हुन् । ६ महीनाअघि सुजित मण्डल, अजयकुमार मुखिया, सञ्जय यादव लगायत स्थानीय ४० युवा मिलेर तीन वटा पुल बनाएका छन् । तीन वटै पुल बनाउन झन्डै पाँच लाख रुपैयाँ लागेको मण्डल बताउँछन् ।

त्यसैले उनीहरू पुलमा मोटरसाइकल वारपार गर्दा शुल्क लिन्छन् । प्रतिमोटरसाइकल २० देखि ५० रुपैयाँसम्म लिने गरेको उनी बताउँछन् । "प्रहरी र कर्मचारीले त शुल्क तिर्दैनन्," शुल्क उठाउन खटिएका मण्डल भन्छन्, "पैदल र साइकलबाट पुल तर्नेको भने शुल्क लिंदैनौं ।"

उनीहरूले पैसा कमाउन पुल बनाएका भने होइनन् । यसअघि स्थानीय सरकारले बनाएको बाँसको पुल भत्किएपछि आवतजावत गर्न समस्या भएको थियो । स्थानीय, प्रदेश र संघीय सरकारलाई गुहार गर्दा वास्ता नगरेपछि स्थानीय युवाले नै पुल बनाएका हुन् ।

तीन साताअघि भत्किएको एउटा पुल मर्मतसम्भार गरेर वारपार गर्न मिल्ने बनाइएको छ । यो पनि कति वेला भत्किने हो, ठेगान छैन । "डराएरै वारपार गर्छौं," स्थानीय मोहनकुमार साह भन्छन् ।

**बर्खाको चिन्ता**

स्थानीय मोहनकुमार साह दैनिकजसो कामकाजका लागि सिरहा र जनकपुर आउजाउ गरिरहन्छन् । ससुराली जाँदा होस् वा किनमेलका लागि, पुल वारपार गर्नुपर्ने बाध्यता रहेको उनी सुनाउँछन् । तर बर्खा नजिकिँदै गर्दा साहको चिन्ता पनि बढ्दै गएको छ । "बर्खाको समयमा हिंड्न निकै गाह्रो हुन्छ, यो बाँसको पुल पनि बाढीले बगाउँछ," उनी भन्छन् ।

मनसुनको वेला त कमला नदीमा आउने बाढीले बाँसको पुल डुब्छ । डुंगा पनि चलाउन सकिंदैन । वारपार नगरी स्थानीय बासिन्दाको दैनिकी चल्दैन । "हरेक बर्खामा कतिको डुबेर ज्यान जान्छ," उनी पीडा सुनाउँछन् । असार, साउन र भदौमा त वारपार गर्नै सकिंदैन । यी तीन महीना पूर्व-पश्चिम राजमार्ग वा भारतको जयनगरको घुमाउरो बाटो हुँदै जनकपुर पुग्नुपर्छ । यो पुलको बाटो भएर हुलाकी राजमार्गबाट मोटरसाइकलमा केही बेरमै जनकपुर पुगिन्छ । तर मोटरसाइकलमा भारतको बाटो भएर जाँदा एक घण्टा र पूर्व-पश्चिम राजमार्ग भएर डेढ घण्टा लाग्छ ।

बर्खाका तीन महीना विद्यार्थी, कर्मचारी

*- बाँकी पृष्ठ ३ मा*

## मधेस सरकारबाट बाहिरियो एकीकृत समाजवादी




**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, जेठ २२ गते ।**

नेकपा (एकीकृत समाजवादी) पनि मधेश प्रदेश सरकारबाट बाहिरिएको छ । मधेश सरकारमा सहभागी एकीकृत समाजवादीका दुवै मन्त्रीले राजीनामा दिएका छन् । एकीकृत समाजवादीबाट बेची लुङेली श्रम तथा यातायातमन्त्री र गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री थिए ।

सत्तारुढ गठबन्धनले नयाँ सरकार बनाउने भएपछि आफूहरूले राजीनामा दिएको न्यापौनेले बताए । "हामी दुवै जनाले मन्त्रीबाट राजीनामा दिएका छौं," उनले भने, "सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएका छौं ।"

सत्तारुढ गठबन्धनमा रहेका नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र जनमत पार्टीबीच नयाँ सरकार बनाउने सहमति भएको थियो । तीनै पार्टीबीच जनमतलाई मुख्यमन्त्री दिने पनि तय भएको थियो । यसमा एकीकृत समाजवादी सामेल भएको थिएन । प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीले अध्यक्ष माधवकुमार नेपालसँग

*- बाँकी पृष्ठ ३ मा*

## बालिका अपहरणको आरोपमा एक बाबा पक्राउ

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, जेठ २२ गते ।**

महोत्तरीमा बालिका अपहरणको आरोपमा प्रहरीले एक बाबालाई पक्राउ गरेको छ । गौशाला नगरपालिका-१० बस्ने बाबा लालबाबु खत्वे मण्डललाई बालिका अपहरणको आरोपमा पक्राउ गरिएको महोत्तरीका प्रहरी नायब उपरीक्षक (डीएसपी) सन्तुलाल जयसवारले जानकारी दिए । बालिकालाई अपहरण गरेर लैजाँदै गरेको अवस्थामा उनलाई पक्राउ गरिएको हो ।

महोत्तरीको सोनमा गाउँपालिकाबाट आइतबार राति १२ बजे बालिका हराएको खबर प्रहरीमा आएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलको नेतृत्वमै प्रहरी टोली खटिएको थियो ।

सोमबार सर्लाहीको ईश्वरपुर नगरपालिका-५, खुलाल टोलबाट बालिकालाई उद्धार गरिएको डीएसपी जयसवारले बताए । बालिकालाई उद्धार गरी परिवारको जिम्मा लगाएको छ ।

त्यस्तै, बाबालाई नियन्त्रणमा लिएर थप अनुसन्धान भइरहेको डीएसपी जयसवारले बताए । उनी तीन महीनादेखि सोनमा गाउँपालिकाको खेसरामा बस्दै आएका थिए । घरमा कोही नभएको वेला बालिकालाई फकाइफुल्याई गरी लगेको प्रहरीको भनाइ छ ।




द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# नेता ज्यूहरु ! लाज लाग्दैन कि पचाउन सक्नुहुन्छ ?

■ डा. अतीन्द्र दाहाल

देशमा धेरैपटक क्रान्ति भए, नयाँ संविधान लेखिए, व्यवस्था बदलियो । पछिल्लोपटक संसद् भवन कुनै कुस्ती मैदानजस्तो देखिन्छ । सरकारहरूको एउटै काम भनेको विश्वासको मत लिने मात्र हुँदै छ । सोचे वा नसोचेका अनेकन् कुरा भए, केवल एउटै मात्र काम भएन, त्यो हो जनअपेक्षित विकास ।



विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? सर्वहाराका नेता भनिनेहरूको जीवनशैली र रवाफ कस्तो छ ? यी प्रश्नले आम मानसपटल र भविष्यउन्मुख हरेक व्यक्तिलाई पिरोलेको छ ।

विकास र प्रगति हरेक देश तथा जनताको स्वाभाविक आशा हो । यो स्वयंसिद्ध एवं प्राकृतिक नागरिक अधिकार समेत हो । प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थामा जनताका प्रतिनिधि अथवा नेतृत्वले यो अभिभारा पूरा गर्नुपर्छ । नेताहरूले हामी देशलाई सिंगापुर अथवा स्विजरल्यान्ड बनाउँछौं भन्दै भाषणबाजी गरेका ध्वनिका तरंग आम नागरिकका कानमा अहिले पनि गुन्जिरहेको छ, तर नागरिकको आशा, देशको वास्तविक तथा वस्तुगत अवस्था अनि नेताहरूको भाषणचाहिँ 'हामी नदीका दुई किनारा' भन्ने गीतजस्तै छ । कहीँकतै यिनीहरूको भेट हुँदैन ।

देशको विकास भएको छ कि छैन ? देश बस्न लायक छ कि छैन ? विदेश जानेहरूको लर्को किन बढेको छ ? निकट भविष्यमा देशको अवस्था सहजता अथवा असहजता उन्मुख के हुन्छ ? सर्वहाराका नेता भनिनेहरूको जीवनशैली र रवाफ कस्तो छ ? यी प्रश्नले आम मानसपटल र भविष्यउन्मुख हरेक व्यक्तिलाई पिरोलेको छ ।

नागरिकमा सरकारप्रति भरोसा छैन। भ्रष्टाचार गरेको छैन भनेर कोही कुनै ओहदामा बसेको मानिसले भन्छ भने उसप्रति विश्वास जाग्दैन । अहिलेकै नेताबाट देश विकासको आशा गर्नु रत्नपार्कको भित्तामा बसेको ज्योतिषीको भविष्यवाणी माथिको भरोसाजस्तै हो । जसको आफ्नो भविष्य छैन, उनीहरू सय-पचास रुपैयाँ लिएर अरूको भविष्य भनिरहेछन् हामी त्यसमा रमाइरहेछौं । उनीहरू स्वयंको भविष्य सबल भएको भए सार्वजनिक पेटीमा बस्नुपर्दैनथ्यो । देशमै बसेर केही गर्नुपर्छ भन्ने विश्वास र संकल्प बोकेको मानिसलाई कुनै काम दिएर सरकारी अफिसमा पठाइदिएपछि बेलुका फर्कंदा ऊ यो देशमा बसेर काम छैन भन्ने सोच निर्माण गरेर आउँछ । सेवाप्रवाह र सेवाग्राहीमाथिको सरोकारवाला

– बाँकी पृष्ठ ३ मा

# विद्युत् व्यापारमा नेपालले नयाँ इतिहास कायम गर्नेछ : प्रधानमन्त्री



**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, जेठ २२ गते ।**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ऊर्जा क्षेत्रको विकासमा नेपाल सरकार दृढतापूर्वक अगाडि बढिरहेको बताएका छन्। विद्युत् व्यापारमा नेपालले नयाँ इतिहास बनाउने उनको भनाइ थियो । अरूण-३ जलविद्युत परियोजनाको ब्रेक-थ्रु कार्यक्रमलाई मंगलवार सङ्खुवासभामा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले यस्तो बताएका हुन् ।

ऊर्जा क्षेत्रको प्रवर्द्धनका लागि सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा निजी क्षेत्रको लगानी आकर्षित गर्ने पर्याप्त प्रावधान ल्याएको उनले बताए । 'विद्युत् प्रसारण लाइन निर्माण र वितरण कार्यमा निजी क्षेत्रसमेत सहभागी हुनेगरी कानूनी प्रबन्ध गर्ने, जलाशययुक्त जलविद्युत् आयोजनामा बाँध र विद्युत् गृह छुट्टाछुट्टै प्रवर्द्धकबाट निर्माण गर्नेगरी निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गर्ने प्रावधान बजेटमा राखिएको छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'आगामी आवमा ९ सय मेगावाट विद्युत थप गरी राष्ट्रिय प्रणालीको विद्युत क्षमता ४ हजार ५ सय मेगावाट पुऱ्याउने, आर्थिक वर्षदेखि बङ्गलादेशमा विद्युत निर्यात गर्ने व्यवस्था मिलाउने छ ।'

सुक्खायामको माग पूर्ति गर्न बूढीगण्डकी, दूधकोशी र नलसिङ्गाड जलाशययुक्त जलविद्युत आयोजना तथा नौमुरे बहुउद्देश्यीय जलविद्युत् आयोजनाको निर्माण कार्य शुरू गर्ने तयारी गरेको उनले बताए । प्रधानमन्त्री प्रचण्डले वैदेशिक रोजगारीमा गएका व्यक्तिको लगानीमा घुन्सा र सिम्बुवा जलविद्युत आयोजना निर्माण कार्य अगाडि बढाइने जानकारी दिए ।

प्रधानमन्त्रीले शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न जीवाष्म ऊर्जालाई स्वच्छ एवं नवीकरणीय ऊर्जाले क्रमशः विस्थापन गर्ने र त्यसका लागि हरित हाइड्रोजन प्रवर्द्धन गर्न अनुसन्धान र विकासका लागि आवश्यक बजेटको व्यवस्था गरिएको बताए ।

# राशिफल

मेष – रमाईलोमा दिन बित्नेछ ।
वृष – साथीबाट सहयोग प्राप्त हुनेछ ।
मिथुन – पढाईमा मन लाग्ने छ ।
कर्कट – समस्या उत्पन्न हुने ।
सिंह – यात्राको योग छ ।
कन्या – धर्ममा मन जानेछ ।
तुला – नयाँ कार्यको सुरुवाता हुने ।
वृश्चिक – मान सम्मान बढ्ने छ ।
धनु – व्यापार फस्टाउने छ ।
मकर – खानपानमा सजग रहनुहोला ।
कुम्भ – आंशिक लाभको योग छ ।
मिन – हौसला बढ्ने छ ।


# नगराईन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा
**मधेश प्रदेश, नेपाल**

## स्यानिटरी प्याड खरिद शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सुचना

*प्रथम पटक प्रकाशित मिति : २०८१/०२/२३*

नगराईन नगरपालिकाको आ.व. २०८०/०८१ मा संघीय सरकारको स्वीकृत शिक्षा तर्फको सशर्त अनुदान वार्षिक कार्यक्रम अर्न्तगत सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन गर्न स्यानिटरी प्याड खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेको इच्छुक कम्पनी, फर्म, संस्था र सप्लायर्सले देहाय बमोजिमको शर्त तथा बन्देजको परिधि भित्र रही रितपूर्वक शिलबन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Invitation For Sealed Quotation

| Contract No. | Description of work | Cost Estimate (without VAT) | Bid Security Amount | Bid Security Validity Period | Payment (Non Refundabl) Amount |
|---|---|---|---|---|---|
| NMUN/G/01/080/81 | Purchase of Sanitary Pad | 1631850 | 45000 | 90 Days | 1000 |

**शर्त एवं बन्देजहरु :**

१. दरभाउ पत्र फारम रु.१०००/- (फिर्ता नहुने गरी) तिरी यस कार्यालयको मेगा बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. १३१०१४०००००१५४ मा जम्मा गरी सक्कलै भाउचर सहित पेश गर्नु पर्नेछ ।
२. सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म दरभाउपत्र फारम खरिद गर्ने तथा १६ औं दिनको १२:०० बजेसम्म शिलबन्दी दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ । १६औं दिनको २:०० बजे नगर कार्यपालिकाको कार्यालय नगराईनमा शिलबन्दी दरभाउ पत्र खोलिने छ । सम्बन्धीत व्यक्ति वा प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन । तर शिलबन्दी दरभाउ पत्र दाखिला तथा शिलबन्दी दरभाउ पत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट शिलबन्दी दरभाउ पत्र दाखिला तथा खोलिनेछ ।
३. दरभाउ पत्र खरिद गर्दा निम्न कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
   क) कम्पनी, फर्म, संस्था र सप्लायर्सको नेपाली नागरिकता प्रमाण पत्र ।
   ख) कम्पनी, फर्म, संस्था र सप्लायर्सको स्थायी लेखा नं. दर्ता प्रमाण पत्र ।
   ग) कम्पनी, फर्म, संस्था र सप्लायर्सको आ.व. २०७९/०८० को करचुक्ता प्रमाण पत्र ।
   घ) कम्पनी, फर्म, संस्था र सप्लायर्सको दर्ताको प्रमाण पत्र ।
४. आपूर्ति गर्ने स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को मापदण्डको अनुसुची १ र २ बमोजिमको मापदण्ड अनुसारको हुनु पर्नेछ ।
५. स्यानेटरी प्याडको म्याद कम्तिमा ३ वर्ष भन्दा बढी हुनु पर्नेछ ।
६. शिलबन्दी दरभाउ पत्रको जमानत वापत हुन आउने रकम यस कार्यालयको नेपाल इन्भेष्ट मेगा बैंकमा रहेको धरौटी खाता नं. १३१०१४००००००६२ को खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क श्रेणीको बैंकबाट ९० दिनको म्याद भएको जमानत पत्र शिलबन्दी दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
७. दरभाउ पत्रमा अंक र अक्षर उल्लेख भएको व्यहोरा फरक परेमा अक्षरमा उल्लेख भएकालाई मान्यता दिईनेछ ।
८. कार्यालय दर्ता भएका दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।
९. माथि उल्लेख भएका शर्त एवं बन्देजहरु बाहेक सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।
१०. विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*

# मधेस सरकारबाट बाहिरियो...

भेटेर छलफल गरेपछि एकीकृत समाजवादी पनि सहमत भएको हो ।

एकीकृत समाजवादी पनि सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत नपाउने भएका छन् । उनलाई नेपाली कांग्रेसले मात्रै समर्थन गर्ने भएको छ । लोकतान्त्रिक समाजवादी पार्टीले निर्णय गर्न बाँकी नै छ । मुख्यमन्त्री यादवले बुधवार विश्वासको मत लिने तयारी गरेका छन् । प्रदेश सभामा एमालेका २५, कांग्रेसका २२, जसपा नेपालका १९, जनमत पार्टीका १३, माओवादीका नौ, लोसपाका आठ, एकीकृत समाजवादीका सात, नागरिक उन्मुक्ति, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल संघीय समाजवादीका एक-एक सांसद छन् । १०७ सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि ५४ सांसदको समर्थन आवश्यक पर्छ ।

# जोखिम मोलेर बाँसकै...

तथा व्यवसायी पनि भारतको बाटो आवतजावत गर्न बाध्य हुन्छन् । भारतको बाटो हुँदा एकतिर लामो भएकाले सास्ती हुन्छ भने अर्कातिर सीमा क्षेत्रमा अनेक कठिनाइ झेल्नुपर्छ । नेपालकै बाटो पूर्व-पश्चिम राजमार्ग भएर आवतजावत गर्दा पनि समस्या हुने गरेको उनी गुनासो गर्छन् । "कमलामा पुल बनिदिए त समस्याबाट छुटकारा पाइन्थ्यो," उनी भन्छन्, "समय र खर्चको पनि बचत हुने थियो ।"

**कहिले बन्छ पुल ?**

हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा पुल निर्माणका लागि २०६८ जेठमा पप्पु कन्स्ट्रक्शनलाई ठेक्का दिइएको थियो । झन्डै ४७० मिटर लामो पुल निर्माणका लागि २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । पप्पु कन्स्ट्रक्सनले १० वर्ष लगाएर २०७८ सालमा पुल निर्माण गरेको पनि थियो । ढिलो गरी पुल तयार भए पनि स्थानीय बासिन्दाले नदी पार गर्न सहज हुने भनेर खुशी नै थिए । तर पुल उद्घाटन हुनुभन्दा चार दिनअघि २०७८ असार १७ मा पुलको एउटा स्पाम धसियो । निर्माण कम्पनीको लापरवाहीले पुलको स्पाम धसिएको भन्दै सरकारले ठेक्का रद्द गऱ्यो । त्यसपछि लुम्बिनी बिल्डर्स कन्स्ट्रक्सनलाई ठेक्का दिइएको थियो । तर यस कम्पनीले पनि निर्माणमा ढिलाइ गरिरहेको छ । पुल भत्किएपछि नेको इन्स्योरेन्स कम्पनीबाट पाउनुपर्ने क्षतिपूर्ति नपाएकाले निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीका इन्जिनीयर डम्बरबहादुर भण्डारी बताउँछन् । "इन्स्योरेन्सले समयमा क्षतिपूर्ति भुक्तानी गरिदियो भने समयमा बनिसक्छ," इन्जिनीयर भण्डारी भन्छन् । सम्झौता अनुसार अर्को वर्षसम्म पुल निर्माण गरिसक्नुपर्छ । कामको गति हेर्दा समयमै पुल बन्नेमा स्थानीय बासिन्दा ढुक्क छैनन् । "भासिएको पुल मर्मत गर्न थालेको दुई वर्ष भयो, तर निरन्तर काम भएकै छैन," स्थानीय मोहनकुमार साह भन्छन् । बर्खा नजिकिएपछि मात्रै निर्माण कम्पनीले काम शुरू गरेको उनी सुनाउँछन् । पुस र माघमा अलि अलि काम गरेको कम्पनीले वैशाखमा काम गरेर त्यसै छोडिदिएको उनको भनाइ छ । "दुई वर्षमा दुई/तीन महिना मात्रै काम गरेको देखेका छौं," उनी भन्छन्, "यस्तै पाराले त कहिले पो पुलबाट हिंड्न पाइएला खै !" हिमालखबर

# नेता ज्यूहरू...

निकाय अनि नियामक व्यक्तिको आचरण तथा सोच नोकरशाही पद्धतिको छ । स्थानीय निकायमा जनप्रतिनिधि भएपछि सहज र उच्च गतिमा काम हुन्छन् भन्ने आशा थियो, तर अख्तियारमा परेका भ्रष्टाचारजन्य उजुरीमध्ये सबैभन्दा अधिकचाहिँ स्थानीय निकायसँग सम्बन्धित रहेको तथ्यांक देखिन्छ । अधिकांश स्थानीय निकायका जनप्रतिनिधि आफू सहज र स्वार्थ मिल्ने कार्यकारी अधिकृत खोज्न संघसँग साक्षात्कार गरिरहेका समाचार प्रकाशित भएका छन् ।

हालसालै विदेशी लेखक हेलेन थोम्पसनले एक पुस्तक लेखेका छन्, 'डिसअर्डर : हार्ड टायम्स फर ट्वान्टी फर्स्ट सेन्चुरी' । यस पुस्तकअनुसार भूराजनीतिक असहजता, आर्थिक अधोगति र प्रजातन्त्रीय निष्प्रभाविता अहिले कुनै पनि देश असफलता उन्मुख हुने प्रधान आधार हुन् । हाम्रो अवस्थालाई नियाल्दा यी तीनवटै कुरामा हामी अग्र श्रेणीमै छौंजस्तो देखिन्छ । उत्तेजक भाषणबाहेक नेतृत्वसँग देशको विकास गर्ने सोच, योजना, रणनीति के छ ? तर केही दल र नेताचाहिँ बाटामा लखरलखर हिँडेर समृद्धि आउँछ भन्दै स्याल हुइयाँमा पनि छन् । राजनीति होइन, आर्थिक नीति र सबलता प्रमुख हो । पछिल्लो ५० वर्षमा चीन फेरि उदीयमान शक्ति भयो । युरोप र अमेरिका किन कमजोर हुँदैछन् । यी दुवै ध्रुवमा राजनीतिक प्रणाली र परिस्थिति फेरिएको छैन, तर आर्थिक अवस्थामा भीमकाय परिवर्तनहरू आए । अहिले भूराजनीति (जिओपोलिटिक्स) भन्दा भूअर्थनीति (जिओइकोनोमिक्स) मुख्य पक्ष हो । निकोलस मुल्दरको पुस्तक 'द इकोनोमिक वेपन'ले यसलाई राम्रो गरी विश्लेषण गर्दछ, अहिलेको शक्ति भनेकै आर्थिक शक्ति हो । उत्पादन, आत्मनिर्भरता अनि निर्यातमा हामी अति धेरै जीर्ण भइसक्यौं । तत्काल वा केही दशकसम्म यो अवस्थालाई सन्तुलित गर्न सकिँदैन । सार्वजनिक ऋण २३ खर्बभन्दा बढी भएको तथ्यांक छ । व्यापार घाटा र असन्तुलन ९० प्रतिशतभन्दा बढी छ । प्राचीन इतिहास पल्टाएर हेर्दा भोटसम्म हाम्रो व्यापार नियन्त्रण थियो । भोटमा नेपालमा मुद्रण गरिएका सिक्का चल्थ्यो । रेशमीमार्गमार्फत नेपालले विश्वलाई जोडेको थियो । प्रथम विश्वयुद्ध तथा द्वितीय विश्वयुद्धमा नेपालले बेलायतलाई आर्थिक सहायता समेत प्रदान गरेको थियो ।

केही दशकअगाडि हामी लभभग अधिकांश कुरामा आत्मनिर्भर थियौं । आज उच्च व्यापार घाटा भएको अनि विदेशी सहयोग र विप्रेषण प्रधान अर्थ चरित्र भएको देशमा परिणत भएका छौं । हामी पैसाले पैसा कमाउने दलाल पुँजीवाद अथवा वित्तीय पुँजीवादको दुर्चक्रमा फसेका छौं । उत्पादनमार्फत सामर्थ्य बढाउने होइन, पैसा सञ्चय र संरक्षण गरेर केवल सट्टापट्टा गर्ने अथवा ओसारपसार गर्नेमा मात्र केन्द्रित छौं । अनुत्पादक क्षेत्रमा पैसा लगानी गर्ने र त्यसैको भाउ बढाएर नाफा लिने आदतमा हाम्रो अर्थतन्त्र नराम्ररी भत्किंदै छ ।

फलस्वरूप अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राष्ट्र एजेन्सी नामक एक संस्थाको पछिल्लो प्रतिवेदनले नेपाल दक्षिण एसियाकै गरिब देश भएको निष्कर्ष सार्वजनिक गऱ्यो, तर सिंगापुर र स्विट्जरल्यान्ड बनाउने भन्ने नेताहरू कानमा तेल हालेर स्वप्रशंसाको पुलिन्दा बोक्दै दौडिरहेका छन् । जसरी पनि फाइदा अथवा नाफा आफूमा केन्द्रित गर्ने 'रेन्ट सिकिङ एट्टिच्युड' र पैसाको भण्डार थुपार्ने 'क्रोनी क्यापिटालिजम्' हाम्रा नेताहरूको सामरिक चरित्र बन्यो । तसर्थ आज अधिकांश नेता अधिक धनी, पूर्ण विलासी छन् तर जनता सामान्य दैनिकी चलाउन विदेसिनुपर्ने अवस्था छ ।

हाम्रा दुवै छिमेकीले पछिल्लो केही दशकमा अपार आर्थिक प्रगति गरे । चीनले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' र भारतले 'एसिया अफ्रिका ग्रोथ करिडोर' अनि 'नर्थ-साउथ ट्रेड रिजन'जस्ता आक्रामक योजना निर्माण र लागु गरे । एसियाका थुप्रै अरू देश 'किटन इकोनोमी' (सानो अर्थतन्त्र)बाट टाइटर अथवा ड्रागन इकोनोमी (अधिक गतिका वृद्धिदर भएका) अर्थतन्त्र भए । विकास प्रजातन्त्र नै आजको प्रजातन्त्रको प्रमुख शोभा हो । जनतालाई सहज, सरल, गुणस्तरीय जीवनयापनको वातावरण नबन्ने प्रजातन्त्र के काम ? नागरिकलाई प्रजातन्त्र नामका लागि होइन, कामका लागि चाहिएको हो तर परिणाम के आयो त ?

कुनै बेला भारतले नेपालका राष्ट्राध्यक्षलाई आफ्नो स्वतन्त्रता दिवसको विशेष समारोहको प्रमुख अतिथि बोलाउँथ्यो । आज ऊ अमेरिकाको राष्ट्राध्यक्ष बोलाउँछ । भर्खरै महत्वपूर्ण 'जी ट्वान्टी' सम्मेलन पनि सम्पन्न गऱ्यो । हाम्रा सरकार प्रमुखहरू त्यहाँ जाँदा राज्यमन्त्री अथवा सहायकमन्त्री स्वागतमा आउँछन् । देशले आर्थिक हैसियतसँगै राजनीतिक कद समेत गुमाइरहेको स्पष्ट देखिन्छ । दातृ निकाय र वैदेशिक सहयोगबाहेक कुनै विशेष योजना तथा परियोजना सम्पन्न हुनु कोरा कल्पनाजस्तो भइसक्यो । राजनीतिक परिवर्तनको कुनै कालखण्डमा विदेशी हस्तक्षेप मुर्दाबाद भनेर नारा लेख्ने प्रचलन निकै प्रिय थियो । अहिले त यस्तो नारा लेख्ने इनामेल, ब्रस र पेन्टर समेत विदेशबाटै ल्याउनुपर्छ । विदेशले पठाएन भने, त्यो लेख्न पनि हैसियत हुँदैन । अब कति बिग्रिएपछि नेतृत्वको मन बिझ्छ, सोच परिवर्तन हुन्छ ? आफू र परिवारका लागि टन्न सङ्कलन गरेपछि किन र कसका लागि देश बनाउनुपऱ्यो भन्ने सोच हावी भएको त होइन, नेताज्यू ? नेताज्यू ! देश यहाँभन्दा बिग्रन केही बाँकी छ र ? अनि तपाईंहरूलाई यो सबै देख्न र हेर्न लाज लाग्दैन कि लागेर पनि पचाउन सक्नुहुन्छ ?

# पानीको कहानी बोकेर...

भएको बताए । "खासमा तराईको जमिनको पानी रिचार्ज चुरेबाट हुन्छ, चुरेबाट जमिनमुनिबाट पानी छिरेर तराईसम्म पुग्ने हो जब चुरेमा भू-क्षय तथा पहिरो गयो भने जमिनमुनिको पानी सतहमाथि भएर खेर जाने र चुरेले जमिनमुनिको पानी रिचार्ज हुने काम कम भयो," उनले भने, "समाधानका चुरेको पहिरो र भू-क्षय रोक्नुपर्छ र चुरेलाई बचाउन माथिल्लोतटीय क्षेत्र र तल्लोतटीय क्षेत्रबीच समन्वयकारी कार्यक्रमहरु लानुपर्ने हुन्छ ।" उनले जमिनमुनिको पानीको स्रोत बचाउन वनजङ्गल फँडानी र अतिक्रमण रोक्नुपर्ने बताए । ढकालले विस्तृत रुपमा चुरे तथा तराई क्षेत्रका जमिनमुनिको पानीको सतह घटेको विषयमा अध्ययन- अनुसन्धान हुनुपर्ने र तत्कालीन र दीर्घकालीन समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

खानेपानी मन्त्रालयका सिनिअर डिभिजनल इन्जिनियर मधु तिमिल्सिनाले खानेपानीको मन्त्रालयको बजेट विनियोजन घट्दै जाँदा खानेपानीको समस्या समाधान गर्नका लागि यथेष्ट कार्यक्रम राख्न नसकिएको बताए । उनले अन्तरसरकारी निकाय, तीनओटै तहको सरकारबीचको समन्वयका आधारमा खानेपानीको समस्या समाधानका लागि कार्यक्रम तय गर्न सम्भव हुने बताए । "तराईमा खानेपानी सुधारका धेरै आयोजनाहरु बजेट अभावका कारण बन्न सकिरहेका छैनन्, डिपबोरिङ आयोजनाका लागि अर्थ मन्त्रालयसँग पहल गरेका छौँ सुनुवाई भइरहेको छैन," उनले भने । तराईका करिब दुई सय ८० आयोजनाहरु पम्प बिग्रिएका र अलपत्र परेका आयोजनाहरु छन् । रु चार अर्ब छुट्याएमा अधुरा आयोजना अगाडि बढाउन सकिने उनको भनाइ छ । आगामी आर्थिक वर्षका लागि मधेस प्रदेशका स्थानीय तहमा केही डिप बोरिङको कार्यक्रम राखिएको छ । खानेपानी मन्त्रालयले समेत चुरे क्षेत्रको दोहन रोकेर चुरे संरक्षण गर्दै खानेपानीको स्रोत जोगाउनका लागि वन तथा वातावरण मन्त्रालयलाई ध्यानाकर्षण गराएको जनाएको छ ।

आगामी वर्षदेखि दिगो सुनकोसी-मरिन डाइभर्सन आयोजनाबाट तराईका केही जिल्लामा थोक वितरणबाट खानेपानी आपूर्ति गर्ने कि भन्ने विषयमा छलफल भएको उनले जानकारी दिए । चुरे दोहन बढ्दै जाँदा जमिनमुनिको पानी रिचार्ज हुन नसकेमा डिपबोरिङले पनि काम नगर्ने भन्दै दिगो समस्या समाधानका लागि चुरे जोगाउनुपर्नेमा उनले जोड दिए । वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुङ्गानाले चुरे क्षेत्रको समस्या बहुआयामिक रहेको र चुरे संरक्षण तथा व्यवस्थापन गर्न बनाइएको २० वर्षे गुरुयोजना कार्यान्वयनमा लगानीको चुनौती रहेको बताए । "राष्ट्रिय गौरवको आयोजनालाई नै प्रयाप्त स्रोत नै छैन । अन्य सरोकारवाला निकायसँगको समन्वय पनि राम्रो हुन सकेको छैन यसले चुरे क्षेत्रको सरक्षणमा बाधा पुगेको छ," उनले भने, "तर चुरे संरक्षण नभएकै कारण चुरे तथा तराई क्षेत्रमा पानीको स्रोत सुक्यो भन्ने विषयमा कुनै अध्ययन अनुसन्धान नभएकाले यही नै कारण हो भन्ने आधार छैन ।" उनले चुरेको नदी उत्खनन्, वन विनास रोक्न र चुरे क्षेत्रको संरक्षण गर्न अन्तरसरकारी निकायबीचको समन्वय जरुरी रहेको जानकारी दिए । यसैगरी चुरेविद् विनोद भट्टले पनि चुरेको विनाश बढिरहँदा पहिरो तथा भू-क्षय जाने र पानीको स्रोत सुक्दै जाने क्रम पनि बढिरहेको भन्दै समयमा नै सरोकारवाला निकायले सचेतना अपनाउनुपर्नेमा जोड दिए । उनले भने, "राष्ट्रिय गौरवको चुरे आयोजना र चुरे संरक्षण विपरीतका अरु विकासका आयोजनाहरु रहेका छन्, सरकारकै दोहारो नीतिले चुरेको संरक्षण कसरी हुन सक्छ ?" चुरे क्षेत्रको बजेट कनिका छरे झैं छरिएको तर प्रभावकारी कार्यक्रम नभएको भन्दै यस विषयमा सम्बन्धित निकायले गम्भीरताका साथ सोच्नुपर्नेमा उनको जोड रहेको छ ।

यसैगरी वनविज्ञ डा सोनी बराल गौलीले पनि चुरे संवेदनशील क्षेत्र रहेको र वन विनाशका कारण चुरेको माटो बगेर जाने तथा पानीको स्रोत संरक्षणमा समेत असर पुगेको बताइन् । "चुरेलाई कान्छो पहाडका रुपमा लिइन्छ, यहाँ खुकुलो माटो हुने भएकाले भूक्षय हुन्छ । वनजङ्गल भएमा यसका जराले चुरेको माटो समातेर राख्छ," उनले भनिन् । संविधानको धारा ३५(४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हकको व्यवस्था गरिएको छ, तर नागरिकले उक्त मौलिक हकको प्रत्याभूति गर्न पाएका छैनन् । राष्ट्रिय जनगणना २०७८ को तथ्याङकअनुसार कूल ६६ लाख ६० हजार आठ सय ४१ परिवारमध्ये खानेपानीको मुख्य स्रोतका रुपमा धारा/पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने ३४ दशमलव छ प्रतिशत र धारा/पाइप (घरपरिसर बाहिर) २२ दशमलव चार प्रतिशत, ट्युबवेल/हातेपम्प २९ दशमलव आठ प्रतिशत, ढाकिएको इनार/कुवा एक दशमलव पाँच प्रतिशतले प्रयोग गरेका छन् । दिगो विकासको लक्ष्यले सन् २०३० सम्ममा पानीको अभावलाई सम्बोधन गर्न तथा पानीको अभाव झेलिरहेको जनसङ्ख्यालाई उल्लेख्य रूपमा घटाउन सबै क्षेत्रमा पानी उपयोग कुशलता उल्लेख्य मात्रामा वृद्धि गर्ने र स्वच्छ पानीको दिगो निष्कासन तथा आपूर्ति गर्ने दिगो विकास लक्ष्य लिएको छ ।

**घट्दै चुरेको बजेट**

चुरेमा अब प्रदेश र स्थानीय तहले पनि लगानी बढाउन आवश्यक रहेको सरोकारवालाहरुले बताउँदै आएका छन् । आगामी आव २०८०/८१ का लागि रु एक अर्ब पाँच करोड बजेट विनियोजन गरिएको छ । चालु आव २०७९/८० का लागि भने सरकारले चुरे संरक्षणको क्षेत्रमा रु दुई अर्ब १७ करोड बजेट विनियोजन गरेको थियो । तर विस्तारै चुरे क्षेत्रको बजेट घटिरहेको भन्दै यसले चुरेको गुरुयोजना कार्यन्वयनमा चुनौती हुने भन्दै सरोकारवालाले गुनासो गरेका छन् । चुरे क्षेत्रको २० वर्षे गुरुयोजनाले तोकिएको वार्षिक रुपमा रु नौ अर्ब बराबरको रकम आवश्यक पर्ने उल्लेख गरेको छ । चुरे क्षेत्रका लागि विनियोजन भएको सीमित बजेट तर चुरेका असीमित अपेक्षाका कारण पनि उक्त योजनाहरु कार्यन्वयनका लागि थप चुनौती उत्पन्न हुने देखिन्छ । चुरे संरक्षणका लागि गुरुयोजनाअनुसार आगामी २० वर्षसम्म करिब रु दुई खर्ब ५० अर्ब लागत लाग्ने उल्लेख गरे पनि अनुमानित लागतअनुसारको अपर्याप्त बजेटका कारण गुरुयोजना कार्यन्वयनमा चुनौती देखिएको छ ।

चुरे क्षेत्रको मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिले नै विनियोजित रकम कम भएको भन्दै गुनासो गरेको छ । समितिका अध्यक्ष डा किरण पौडेलले विनियोजित रकम भएको र अब प्रदेश तथा स्थानीय तहसँग समन्वय थालिने बताए । "विनियोजित बजेट कम भएर आएको छ, यसकारण हाम्रा लक्षित कार्यक्रम कार्यान्वयनमा चुनौती थपिने छ," उनले भने, "अब चुरे क्षेत्र जोगाएनौं भने चुरे तथा तराई र भित्री मधेस क्षेत्रमा खानेपानीको विकराल समस्या निम्तन सक्छ ।"

जमिनमुनिको पानी रिचार्ज प्रक्रिया बढाउन र पानीको स्रोत संरक्षण गर्न पोखरी निर्माण गर्नुपर्ने, वन जङ्गलको संरक्षण तथा चुरे दोहन रोक्नुपर्नेमा उहाँको जोड छ । "यसका लागि सबै सरकारी निकायबीच समन्वय हुनुपर्छ र राजनीतिक दलको समेत प्रतिबद्धता आउनुपर्छ," उनले भने, "समितिले मात्रै केही गर्न सक्दैन, सबैको सहकार्य भएन भने चुरेको समस्या बल्झिरहने छ ।" रासस


खर्गा दाँत उपचार केन्द्र
अब काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिःयार भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाउ, खटिरा आउने गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जरावाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।
यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।
डाक्टर भेटने समय: प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।
खर्गा दाँत उपचार केन्द्र
सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिबास, महोत्तरी, ☎ ९८४३१२२४६

# पानीको कहानी बोकेर चुरेवासी माइतीघरमा



**काठमाडौं, जेठ २२ गते ।**
‘दुर दुर गेला पर भी पानी नही भेटैछ, आब कोना जीब ? ताहि लेल हम सब सरकारी घर (सिंहदरबार) मे विरोध करय लेल आयल छी ।’ अर्थात् टाढाटाढा गएर पनि पानी भेटिँदैन, हामी कसरी जिउने ? त्यसैले धर्ना दिन हामी सरकारी घर (सिंहदरबार) नजिक आएका हौं ।

जनकपुर उपमहानगरपालिकाकी ५० वर्षीया शान्तिदेवी यादवले माइतीघरमा बसेर व्यक्त गरेको यो पानीको कहानीले जो कोही पनि मन भक्कानिन्छ । पच्चीस दिन पैदल हिँडेरै ‘चुरे बचाऊ : हामीलाई पानी देऊ सरकार’ भन्दै उनी माइतीघरमा बसेर पानीका लागि गुहार माग्दै छिन् । दिनभरको चर्को घाम समेत नभनी पैदल आउँदा सुनिएका खुट्टा अझै निको भएका छैनन् । “कसलाई रहर थियो र ? यो घाममा जनकपुरदेखि हिँडेर आउन,” उनले भनिन्, “पानीको धेरै दुःख भयो सिंहदरबार नजिक आएपछि हाम्रो माग सुनुवाइ हुन्छ कि भन्ने लागेर माइतीघर आएका हौं तर आजसम्म सुनुवाइ भएन ।” चुरे विनाशले चापाकल, पोखरी सुक्दा पानीका लागि टाढा गएर घण्टौं लाइन बस्नुपर्ने कहानी सुनाउँछिन् यादव । “पानी नपाएसम्म हामी त नफर्किने हो, मर्न परे यही मर्छौं,” उनले भनिन् ।

सप्तरी राजविराजकी सुनिता साहको कहानी पनि उस्तै उदेयकलाग्दो छ । चुरेको बालुवा-ढुङ्गाको अत्यधिक दोहनका कारण चुरेको विनाश बढेको र खानेपानीको मुहान सुक्दा समस्या भोग्ने चुरेवासीमध्ये उनी पनि एक हुन् । “आधा घण्टा हिँडेर पानी लिनका लागि जानुपर्छ, त्यो पनि घण्टौं लाइन बसिसकेपछि मात्रै पाइन्छ,” उनी भन्छिन्, “चुरे क्षेत्रका ८० प्रतिशत चापाकलको पानी सुकेर पानी नै आउँदैन, जारको पानी किनेर प्रयोग गर्न सक्ने क्षमता छैन ।”

सिराहाबाट माइतीघरमा पानीको माग गर्दै धर्नामा बसेकी सङ्गीता सदाले पनि खानेपानीको समस्याले जीवन नै समस्या भएको भन्दै चुरे संरक्षण हुनुपर्ने बताइन् । “खानेपानी त छैन, कृषि बालीमा कसरी पानी लगाउनु ? सुकेर गइसक्छ,” उनले भनिन्, “पहिलापहिला सस्तो पाउने तरकारीहरू सुक्खाका कारण महँगो भएको छ ।”

धनुषाकी फुलकुमारी मुखिया उमेरले ५० कटिसकिन् । माइतीघरमा पानी खोइ ? भन्दै रित्ता भाँडाहरु राखिएका छन् । तिनै रित्तो भाँडो बोकेर पानी माग्न उनी पनि २५ दिनको पैदलयात्रा गरेर काठमाडौं आइन् । “हाम्रो ठाउँमा सरकार नपुगेपछि सरकारको ठाउँमा हामी आयौं, यहाँ आउँदा पनि हाम्रो धर्नालाई कसैले पनि देखेनन्,” उनले भनिन्, “पानीको समस्या भोग्नेलाई मात्रै थाहा हुन्छ यसको पीडा कति हुन्छ ? भनेर ।”

धनुषाबाटै धर्नामा आएकी राधा चौधरीलाई भने सिंहदरबार आसपासमा आएर गरिएको माग ढिलै भए पनि सरकारले सुन्ला भन्ने विश्वास छ । चुरे तथा वनजङ्गल संरक्षण अभियान नेपालका संयोजक सुनिल यादवले चुरे दोहन र वन विनाशका कारण पानीको स्रोत सुक्दै गएको चुरेवासी पानीको सङ्कटबाट गुज्रिनुपरेको भन्दै चुरे संरक्षण र खानेपानीको उपलब्धताका माग गर्दै धर्ना दिइएको जानकारी दिए ।

नेपाल वन प्राविधिक सङ्घ (एनएफए) का अध्यक्ष राकेश कर्णले माइतीघरमा पानीको माग राख्दै धर्नामा बसेका चुरेवासीको मागप्रति ऐक्यबद्धता रहेको बताए । “हाम्रो चुरे संरक्षणको साझा सबैको साझा मुद्दा बनाउन र चुरे संरक्षणमा जुट्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएका छौं,” उनले भने ।

भू-गर्भविद् डा सुबोध ढकालले चुरे मासिदा भूक्षय बढ्ने पहिरो जानेलगायत समस्याले त्यस क्षेत्र तथा तल्लोतटीय क्षेत्रको समेत पानीको स्रोत सुक्दै जानेलगायत समस्या उत्पन्न

- बाँकी पृष्ठ ३ मा

# घाँटी रेटेर हत्या

**रौतहट, जेठ २२ गते ।**
भारतीय सिमानासँग जोडिएको रौतहट जिल्लाको राजपुर नगरपालिकामा एक जना भारतीय नागरिकको घाँटी रेटेर हत्या गरिएको अवस्थामा शव फेला परेको छ । राजपुर-१ पिपरा भगवानपुरको पूर्वपट्टी इद्रिस गेटछेउ हुलाकी सडक खण्डमा ४५ वर्षीय भारतीय नागरिकको हत्या गरिएको अवस्थामा शव फेला परेको हो। घटना प्रकृतिअनुसार धारिलो हतियारले घाँटी रेटेर हत्या गरिएको प्रहरीको प्रारम्भिक अनुमान रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छिन् ।

मृतकको गोजीबाट प्राप्त कागज पत्रमा भारत बिहार मोतीहारीको ठेगाना बताइएको छ । तर, मृतकको स्पष्ट सनाखत नहुन्जेलसम्मको लागि नाम सार्वजनिक नगरिएको तथा शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको प्रवक्ता गिरीले बताएकी छिन् ।

मृतकको शवको केही पर सिजे०१-२५६८ नम्बरको मोटरसाइकल बरामद भएको छ । उक्त भारतीय नागरिकको सोही ठाउँमा हत्या गरिएको छ वा अन्य ठाउँबाट हत्या गरेर त्यहाँ फालिएको हो खुल्न सकेको छैन ।

हत्या कसले र किन गरेको हो त्यस सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । मृतकको शव र मोटरसाइकल बेवारिसे अवस्थामा देखेर स्थानीयले प्रहरीलाई खबर गरेका थिए । न्युजकारखाना

# विश्वासको मत लिँदै मुख्यमन्त्री

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, जेठ २२ गते ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले बुधबार पाँचौंपटक विश्वासको मत लिने भएका छन् । केन्द्रमा सत्ता गठबन्धन फेरिएसँगै उनले बुधबार डेढ वर्षको अवधिमा पाँचौंपटक विश्वासको मत लिन लागेका हुन् । पछिल्लोपटक सत्ता गठबन्धनमध्येका नेकपा एमाले र नेकपा माओवादी केन्द्रले समर्थन फिर्ता लिएर सरकारबाट बाहिरिएपछि यादवले पुनः विश्वासको मत लिनुपर्ने अवस्था आएको हो । कुनै दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ । सोहीअनुसार मुख्यमन्त्री यादवले बुधबार दिउँसो ३ बजे विश्वासको मत लिने कार्यसूची रहेको प्रदेश सभा सचिवालयका सूचना अधिकारी चन्दनकुमार ठाकुरले जानकारी दिए ।


# Aurahi Rural Municipality

## Office of the Rural Municipal Executive

Deuri Parwaha, Dhanusha

Madhesh Province, Nepal

## Invitation for Sealed Quotation

*First Date of publication: 5th June, 2024 A.D. (2081/02/23)*

1. Aurahi Rural Municipality, Office of the Municipal Executive, Dhanusha has allocated funds towards the cost of **Supply of Goods mentioned in the table below** and intends to apply part of the funds to cover eligible payments under the Contract as described in the table below. Bidding is open to all eligible Nepalese Bidders.

| S. N. | Contract Name &ID No. | Total Cost (With VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Purchasing Bid Document | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | सामुदायिक बिधालयका छात्राहरु लाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन AURAHI/GAU/Goods/SQ-01-2080-081 | 17,75,000.00 | Nrs.1000.00 | 2081/3/5 (Within 17:00 hrs) | 2081/3/06 (Within 12:00 hrs) | 2081/3/06 Within 13:00 hrs | 2081/04/20 | 36,000.00 | 2081/05/18 |

2. Aurahi Rural Municipality,Office of the Municipal Executive, Dhanusha invites sealed Quotation from eligible bidders for Supply of Goods under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Aurahi Rural Municipality,Office of the Municipal Executive, Dhanusha.
4. A complete set of Bidding Documents may be purchased from Aurahi Rural Municipality,Office of the Municipal Executive, Dhanusha by eligible Bidders on the submission of a written application, along with the Certified copy of company/firm registration certificate, VAT Reg. Certificate ,Tax Clearance Certificate up to F.Y. 2079/80.

| Information to deposit the cost of bidding document in Bank: | For Bid Security as cash |
|---|---|
| Name of the Bank: Laxmisunrise Bank.Ltd | Bank Name: Laxmisunrise Bank.Ltd |
| Name of Office : Deuri Parwaha, Aurahi Rural Municipality - 02 | Bank Address: Deuri Parwaha, Aurahi Rural Municipality - 02 |
| Office Account no.: 0800502745703014 | Account Number: 0800502745703007 |
| Shirshak no. : Antarik Rajaswo Khata Ga-1- | Shirshak no: Darauti Khata Ga-3 |

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Adminstrative Officer**


पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री